अठारौ गाउँसभाको बैठकमा

अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ ज्यूले

प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०८२/०८३ को

# नीति तथा कार्यक्रम

क्व्होलासोथार गाउँपालिका

गण्डकी प्रदेश, नेपाल

सम्वत् २०८२ असार १० गते, मंगलबार

नेपाल सम्वत् ११४५ तछलागा चतुर्दशी, मंगलबार

# आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

गाउँसभाका सदस्यज्यूहरु,

यस क्व्होलासोथार गाउँपालिका, गाउँसभाको १८ औं अधिवेशनमा उपस्थित सम्पूर्णलाई हार्दिक स्वागत गर्दछु । निर्वाचनको वेला आफ्नो अमुल्य मत दिई निर्वाचित गराउनु हुने सम्पूर्ण मतदाताहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

इतिहासका विभिन्न कालखण्डहरुमा सामन्ती, निरकुंश, केन्द्रिकृत र एकात्मक शासन व्यवस्थाको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न भएका सवै आन्दोलन तथा संघर्षमा जीवन उत्सर्ग गर्नु हुने प्रातः स्मरणीय सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै सम्पूर्ण घाइते, बेपता, अपाङ्गता भएका व्यक्तिहरुलाई उच्च सम्मान व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

अब, म आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

गाउँसभाका सदस्यज्यूहरु,

यस वार्षिक नीति तथा कार्यक्रम तय गर्दा नेपालको संवैधानिक व्यवस्था, नेपालको संविधानको अनुसूची ८ र ९ मा रहेको स्थानीय तहको एकल र साझा अधिकारको सूची, दिगो विकास लक्ष्य प्राप्तिको लागि नेपाल पक्ष राष्ट्र भई गरेका अन्तराष्ट्रिय प्रतिवद्धताहरु, सोह्रौ पञ्चवर्षिय योजना, संघीय सरकारको नीति तथा कार्यक्रम, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षिय योजना, प्रदेश सरकारको नीति तथा कार्यक्रम, स्थानीय सरकार संचालन ऐन २०७४, गाउँपालिकाको त्रि'वर्षिय आवधिक योजना, गाउँपालिकाको

विगतका नीति तथा कार्यक्रमहरु, नागरिक तथा संघ संस्थाहरुबाट विभिन्न माध्यमबाट प्राप्त राय सल्लाह तथा सुझावहरु, वडा वडाबाट प्राप्त राय, सुझाव तथा कार्यक्रमहरु, गाउँपालिकाको आन्तरिक श्रोत तथा साधनहरु, मतदाता समक्ष निर्वाचनको समयमा व्यक्त गरेका प्रतिवद्धताहरुलाई नीति तथा कार्यक्रमको मुख्य मार्गदर्शनको रुपमा लिने प्रयत्न गरेको छु । विकास प्रशासन र शासकीय अभ्यासमा हालसम्म प्राप्त उपलव्धि एवं अनुभव र उपलव्ध श्रोतसाधनको वीचमा सन्तुलन कायम रहने गरी योजना तर्जुमा गर्ने प्रयास गरेको छु । नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय सरकार वीच समन्वय र सहकार्य कायम राख्दै नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँड बापत प्राप्त हुने अनुदान, समपूरक अनुदान, आन्तरिक आय तथा अन्य अनुदानलाई समेत आधार मानी वजेट विनियोजन गर्ने नीति लिएको छु ।

गाँउसभाका सदस्यज्यूहरु,

अव म यस सम्मानित गाँउ सभामा विषयगत/क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. आर्थिक विकास

### क) कृषि तथा पशुपन्छी विकास

- कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरण, व्यवसायिकरण र यान्त्रीकिकरण मार्फत कृषकहरुको आयस्तर वृद्धि गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- रैथाने कृषि उत्पादन प्रवर्द्धन तथा बजारीकरणका लागि कृषि उपज संकलन केन्द्र तथा बजार व्यवस्थापन गरिनेछ । परम्परागत रैथाने खाद्यान्न वाली र स्थानीय जातका पशुपंन्छीको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिइनेछ ।

- कृषक, कृषि तथा पशुपंन्छी फर्महरुको लागि अनुदानको व्यवस्थालाई निरन्तरता दिदै जाने नीति अवलम्वन गरिनेछ । कृषि तथा पशुपन्छी वीमा गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
- खेती योग्य बाँझो जमिन उपयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- व्यवसायिक कृषि तथा पशुपालन प्रणालीमा जोड दिइनेछ ।
- कृषकहरुको आर्थिक उत्थानको लागि गोला सहितको मौरीको घार वितरण गरिनेछ । मौरी व्यवसाय सम्बर्द्धन एवं प्रवर्धनको लागि तल्लो तटिय क्षेत्रमा चिउरीको बोटहरु विस्तार गरिनेछ ।
- राष्ट्रिय फल सुन्तला, केरा, कफि, चिया, किवी, कागती, उत्पादन बृद्धि गर्न विगतदेखि संचालन हुदै आएको पुरानो बगैचा सुदृढीकरण गरी गुणस्तरीय बेर्ना रोपण कार्यलाई उपयुक्त स्थानमा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- प्राकृतिक रूपमा पाइने जडिवुटीको संरक्षण गर्दै जडिवुटी नर्सरी तथा खेती प्रणालीमा जोड दिदै लगिनेछ ।
- गोलभेडा, अकवरे खुर्सानी, आलु, लसुन, प्याज, वेसार, अदुवा लगायत स्थानिय तहमा उत्पादित उपजहरुको व्यवसायीकरण गर्ने नीति अवलम्बन गरिनेछ साथै ती उपजहरुको भण्डारण गरी बजारीकरणको लागि कोल्ड च्याम्बर (Cold Chamber) निर्माण गरिनेछ ।
- किसानहरुलाई परिचय पत्र वितरण नमुना कार्यक्रम शुरुवात गरिनेछ ।
- पशुपालक कृषकहरुको आवश्यकता अनुसार पशुपन्छी उपचार तथा परामर्श सेवा, आधारभूत भेटेरिनरी प्रयोगशाला व्यवस्थापन र ट्रेभिज निर्माण जस्ता कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लगिनेछ ।
- स्थानीय जातका गाई, भैसी घुम्ती गोठहरुको संरक्षण र सम्बर्द्धनका लागि घुम्ति गोठ प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
- भेडा प्रवर्द्धन कार्यक्रम मार्फत कृषकहरुको आय आर्जन बृद्धि गर्दै लगिनेछ ।

- हरियो घाँसको व्यवस्थापन गर्न भौगोलिक वातावरण अनुसार उन्नत जातका भुई तथा डाले घाँस उत्पादनमा जोड दिईनेछ ।
- पोखरी, प्राकृतिक एवं कृत्रिम जलाशय उपयोगमा ल्याई सम्भाव्यताको आधारमा माछापालन सम्बन्धी व्यवसाय संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- पशुपन्छीबाट मानिसमा सर्न सक्ने जुनोटिक रोगहरु सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- कृत्रिम गर्भाधान मिसन कार्यक्रम मार्फत गाई भैसीको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व बृद्धि गरिनेछ ।
- रेविज नियन्त्रण कार्यक्रम मार्फत सामुदायिक तथा घरपालुवा कुकुर तथा विरालोहरुमा रेविज बिरुद्धको खोप तथा स्थायी बन्ध्याकरण शिविर सञ्चालन गरिनेछ । पशुहरुमा लाग्ने संक्रात्मक रोगहरु विरुद्धका खोप कार्यक्रम संचालन गरिनेछ ।
- चाडपर्व लक्षित स्थानिय पशुपन्छी बजार सञ्चालन गरिनेछ ।
- पशुपन्छी पालक कृषकहरुलाई प्रोत्साहन स्वरुप आधुनिक यन्त्रहरु उपलव्ध गराईनेछ ।
- पशु स्वास्थ्य सेवा व्यवस्थापनको लागि पशु स्वास्थ्य शिविर, तालिम तथा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ख) उद्योग, वाणिज्य तथा व्यापार

- प्रारम्भिक वातावरणीय मूल्यांकन प्रतिवेदन (IEE) तयार गरी नदीजन्य पदार्थ ढुङ्गा, गिटी तथा वालुवाको स्रोतको उत्खनन र निकासी गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रभावकारी रुपमा राजस्व अभिवृद्धि योजनालाई कार्यान्वयनमा ल्याइने नीतिलाई अवलम्वन गरिनेछ ।गाउँपालिका भित्र सञ्चालित किराना पसल र अन्य

व्यवसायहरुलाई दर्ता एवं नवीकरणको दायरामा ल्याईनेछ । स्थानीय तहमा दर्ता भएका सम्पूर्ण व्यवसायको विवरण अध्यावधिक गरिनेछ ।

- दलित समुदाय, अपाङ्गता भएका व्यक्तिहरुले कुनै पनि घरेलु व्यवसाय संचालनमा दर्ता शुल्क निःशुल्क गरिनेछ ।
- युवा जनशक्तिलाइ व्यवसायिक तालिम एवं अनुदानको व्यवस्था गरी देश विकासको मुलप्रवाहमा ल्याउने नीति अवलम्वन गरिनेछ । वैदेशिक रोजगारीबाट फर्कि आएका जनशक्तिहरुको ज्ञान तथा सिपको पहिचान गरि गाउँपालिका भित्र व्यवसाय संचालन गर्नका लागि प्रोत्साहन गरिनेछ ।
- परापूर्वकालदेखि समाजमा संचालन गर्दै आएका पेशाहरुलाई संरक्षण एवं सम्बर्द्धन गर्दै लाने नीतिलाई अवलम्वन लगिनेछ ।
- ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक सम्पदाहरुको संरक्षण र सम्बर्द्धन गर्ने नीति लिईनेछ ।
- सरोकारवाला निकायहरुको सहभागितामा अनुगमन समितिबाट नियमित रुपमा बजार अनुगमन गरिनेछ ।

## ग) पर्यटन विकास क्षेत्र

- आवश्यक पूर्वाधारहरुको निर्माण मार्फत पर्यटनमैत्री वातावरण निर्माण गर्दै लगिनेछ । सुलिकोट र गिलुङ पूर्को डाँडा पर्यटकीय पूर्वाधार विकास निर्माण कार्यलाई अगाडि बढाइनेछ ।
- पर्यटकीय गाउँहरुमा पर्यटकहरु आर्कषित गर्न आन्तरिक गोरेटो बाटो निर्माण गर्दै लगिनेछ । पर्यटकहरुलाई थप आकर्षित गर्नका लागि भीर मह शिकारलाई संरक्षण र सम्बर्द्धन गर्दै लगिनेछ ।
- पर्यटन प्रवर्द्धनको लागि पर्यटकिय पदमार्ग अन्वेषण, अवलोकनको लागि पहल गरिनेछ । रोयल गोर्खा ट्रेल अन्तर्गत क्व्होम्रे डाँडादेखि पले डाँडा पदमार्ग निर्माण कार्य अगाडि बढाईनेछ ।

- ऐतिहासिक एवं धार्मिक महत्वको तिजे ताल संरक्षण एवं सम्बर्द्धन गरिनेछ ।
- होम स्टे (घरबास) कार्यक्रमसँग सम्बन्धित आवश्यक सामाग्रीहरु जस्तै बुलेटिन, हाते पुस्तिका, पोष्टरहरु प्रकाशन गरी थप प्रचार प्रसार गरिनेछ साथै होमस्टे संचालकहरुको लागि रैथाने पाक शिक्षा तालिम कार्यक्रम संचालन गरिनेछ । विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय एवं सहकार्य गरिनेछ ।
- सिङ्दी-कर्पुडाँडा पदमार्गलाई विकास गर्दै लगिनेछ ।
- कइयूँ झरनालाई बृहत एवं आकर्षित पर्यटकीय स्थलको रुपमा विकास गर्नको लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिनेछ ।

## घ) भाषा, कला र संस्कृति

- ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्वका थलोहरुको संरक्षण र सम्बर्द्धनमा जोड दिदै लगिनेछ ।
- गाउँपालिकाममा रहेका मठ मन्दिर, गुम्वा, क्व्होइवो धिं, चर्च आदिको निर्माण, मर्मत सम्भार र सम्बर्द्धन गरिनेछ ।
- स्थानीय रुपमा रहेका परम्परागत भेषभुषा, कला संस्कृति, उत्पादनको संरक्षण र सम्बर्द्धन गर्न विभिन्न मेला/महोत्सवहरुको आयोजना गरिनेछ । गाउँपालिकामा कला संस्कृतिको विकास, संरक्षण र सम्वर्धनको लागि कलाकृति प्रतियोगिता गरिनेछ । स्थानीय कला, भाषा, संस्कृति, पुरातात्विक सम्पदाहरुको विवरण अद्यावधिक गरिनेछ ।

## ङ) गरिवी निवारण, सहकारी तथा रोजगार

- गाउँपालिकामा संचालनमा रहेको सहकारी संस्थाहरुको नियमित अनुगमन गरि रोजगारीमुलक, उद्यमशील, सशक्तिकरण, सीप विकास र क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ ।
- रुग्ण तथा पुरानो उद्यमहरुलाई स्तरोन्नति गरी संचालनमा ल्याउने नीतिलाई जोड दिइनेछ साथै सहकारीको सिद्धान्त, मुल्य र मान्यतालाई मुल आधार मानी सबै शेयर सदस्यहरुको हितमा काम गर्न सहजीकरण गरिनेछ ।
- स्थानीय स्रोत साधनको भरपुर प्रयोग गरी लघु घरेलु उद्यम मार्फत उघमीहरुको उघमशिलताको विकास गरिनेछ । स्थानीय स्तरमा रहेका लघु उघमीहरुलाई सामुहिक रुपमा प्रविधि हस्तान्तरण गरिनेछ ।
- आर्थिक विकासको लागि लघु उद्ममीहरुलाई स्तरोन्नति, पुर्नताजगी तालिम संचालन गरिनेछ ।
- एकिकृत श्रम तथा रोजगार सेवा, रोजगार संवाद मञ्च र श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सुरक्षित आप्रवासन (SaMi) अभिमुखिकरण कार्यक्रम र बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुसँग वैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय तहको विषयगत समिति/शाखाहरुसँग समुदाय स्तरमा सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण तथा सूचना प्रवाह कार्यक्रम संचालन गरिनेछ ।

## २. सामाजिक विकास

### क) शिक्षा, युवा तथा खेलकुद विकास

- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा एकरुपता कायम गर्नका लागि गाउँपालिका स्तरीय परीक्षा प्रणाली संचालनमा ल्याइनेछ ।
- आगामी आर्थिक बर्षका लागि वालविकास शिक्षक, विद्यालय कर्मचारी र विद्यालय सहयोगी कर्मचारीहरुको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार र नियमितताको लागि अनुगमन तथा निरीक्षणलाई तिव्रता दिइनेछ ।
- सबै सामुदायिक विद्यालयहरुमा ई—हाजिरीको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षकहरुको क्षमता विकास कार्यक्रम र अभिभावक शिक्षा कार्यक्रमलाई निरन्तरता गरिनेछ ।
- माध्यमिक विद्यालयहरुमा अध्ययनरत विदयार्थीहरुको स्वआर्जनका लागि पढ्दै कमाउदै (Learning by Earning) कार्यक्रम शूरुवात गरिनेछ ।
- आधारभूत तहसम्म विदयालय छोड्ने दर (Drop Out Rate) शुन्य बनाउन आवश्यक पहल गरिनेछ ।
- शिक्षा क्षेत्रसँग सरोकार राख्ने अन्य संघ संस्थाहरुसँग सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ ।
- सामुदायिक विद्यालयका गरिब तथा जेहेन्दार र उत्कृष्ट अंक ल्याउने विद्यार्थीहरुलाई माध्यमिक तथा उच्च शिक्षा अध्ययनका लागि छात्रवृति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयका वालबालिकाहरुलाई विद्यालयमा नै मासिक रुपमा स्वास्थ्य जाँच गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

- सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सूचना प्रविधिमैत्री कार्यक्रमलाई थप गर्दै लगिनेछ ।
- सामुदायिक विद्यालयको आधारभूत तह कक्षा १-३ मा संचालन भएको निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगलाई थप सुदृढीकरण गरिनेछ ।
- गाउँ शिक्षा योजना निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।
- सार्वजनिक पुस्तकालय स्थापना गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- विद्यालयमा अध्ययनरत छात्राहरुको लागि गुणस्तरिय सेनेटरी प्याडको नियमित र भरपर्दो वितरण प्रणालीको व्यवस्था मिलाइनेछ साथै सेनेटरी प्याड डिस्पोजल मेसिनको थप व्यवस्था गर्दै लगिनेछ ।
- विद्यालयमा अंग्रेजी,गणित र विज्ञान विषयको सिकाई उपलव्धी सुधारका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- खेलकुदको विकास र प्रवर्द्धन लागि गाउँपालिका स्तरीय **अध्यक्ष कप** खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई पालिका स्तरमा संचालन गरी उत्कृष्ट विद्यार्थीहरुलाई जिल्ला र प्रदेशस्तरमा सहभागी गराईनेछ ।

## ख) स्वास्थ्य

- मान्यता प्राप्त "ग" र "घ" वर्ग अपाङ्ता भएका व्यक्तिहरुलाई कार्यविधी अनुसार निःशुल्क स्वास्थ्य वीमाको प्रारम्भ गरिनेछ ।
- गाउँपालिका भित्र बसोवास गर्ने नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गरी आवश्यकता अनुसार विशेषज्ञ टोली सहितको विशेष निःशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ ।

- सालमेभञ्ज्याङ स्वास्थ्य चौकीमा संचालित आधारभूत प्रयोगशाला (Basic Lab) सेवालाई व्यवस्थित गर्दै लगिनेछ साथै चिकित्सकीय सेवालाई निरन्तरता दिइनेछ ।
- विद्यालय, स्वास्थ्य संस्था, कार्यालय जस्ता सार्वजनिक स्थलहरुमा धुम्रपान, मद्यपान र लागुऔषध प्रयोगलाई निषेध गरिनेछ ।
- सुनौलो हजार दिनका आमाहरुलाई पोषणयुक्त आहार वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका स्तरीय पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- आकस्मिक सेवा तथा बिरामीहरूलाई अस्पतालसम्म पुर्‍याउनका लागि एम्वुलेन्स सेवा उपलव्ध गराइनेछ ।
- ज्येष्ठ नागरिक क्लिनिक कार्यक्रमलाई निरन्तरता दिँदै ८० बर्ष नाघेका नागरिकहरु तथा अपाङ्गता भएका व्यक्तिहरुलाई मासिक रुपमा घरमै गई स्वास्थ्य परीक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- तालिम प्राप्त स्वास्थ्यकर्मीहरुद्वारा गर्भवती महिलाहरुलाई घुम्ती शिविर मार्फत निःशुल्क भिडियो एक्स—रे सेवालाई निरन्तरता दिइनेछ ।
- महामारी जन्य रोग व्यवस्थापन तथा नियन्त्रण गर्नका लागि द्रुत प्रतिकार्य टोली (Rapid Response Team) लाई सक्रिय बनाइनेछ ।
- मुटु रोग, मृगौला रोग, क्यान्सर रोग, अल्जाईमर्स, पार्किन्सन रोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकेल सेल एनिमिया, थाइराइड रोग जस्ता कडा रोगहरुको लागि दिइदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ ।
- टेलिमेडिसिन सेवा संचालन गर्ने नीतिलाई अवलम्वन गरिनेछ ।
- गाउँपालिकालाई क्षयरोग मुक्त घोषणा गर्न आवश्यक पहल गरिनेछ साथै नसर्ने रोगहरुको स्क्रिनिङ सेवालाई निरन्तरता दिईनेछ ।

- गाउँपालिका सम्पुर्ण बर्थिङ सेन्टरहरुमा २४ सै घण्टा सेवा प्रवाहका लागि Solar Backup को व्यवस्था गरिनेछ ।
- एच.आइ.भि.संक्रमित व्यक्ति लक्षित कार्यक्रमलाई निरन्तरता गरिनेछ ।
- गाउँपालिका अन्तर्गतका वर्थिङ सेन्टरहरुमा सुत्केरी हुने सुत्केरी आमाहरुलाई पालिका कोसेलीको व्यवस्था गरिनेछ ।
- म स्वास्थ्य, मेरो समुदाय स्वास्थ्य, घर टोलमा स्वास्थ्य कार्यक्रमको प्रर्वद्धन गरिनेछ ।
- खानेपानी श्रोतहरुको गुणस्तर परिक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।
- नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा अभियान कार्यक्रम गरिनेछ ।

## ग) दलित, महिला, वालवालिका तथा सामाजिक सुरक्षा

- दलित, महिला, वालवालिका तथा लोपोन्मुख जातीका समुदायलाई विकासको मुलप्रवाहीकरणमा ल्याउनका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षाको दायरालाई फराकिलो बनाउदै कार्यविधि बमोजिम ६१ बर्ष देखी ७० बर्ष उमेर समूहका एकल पुरुष भत्ता उपलव्ध गराइनेछ ।
- वालविवाह, वहुविवाह, वालश्रम तथा महिला हिंसाजन्य कार्यलाई न्यूनिकरणका लागि जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका कार्यालयमा रहेको स्तनपान कक्षलाई थप व्यवस्थित बनाउँदै लगिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई वडा—वडामा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- वालमैत्री स्थानीय शासन कार्यक्रमलाई अगाडि बढाउने नीतिलाई अवलम्वन गरिनेछ।

- वालमैत्री घोषित वडालाई दीगोपना कायम गरिनेछ ।
- वालवालिकाहरु विरुद्ध हुने सबै प्रकारका हिंसालाई न्यूनीकरण गर्ने नीति अगाडि बढाइनेछ ।
- गाउँपालिका स्तरीय वाल अधिकार समिती गठन गरी क्रियाशील बनाउँदै एकीकृत वालसंरक्षण पद्धतिको विकास गरिनेछ ।
- पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमलाई अगाडि बढाइनेछ ।
- दुव्र्यवहारमा परेका, बाबु आमा गुमाएका, अपाङ्गता भएका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, द्धन्द, हिंसा, असहाय वालवालिकाको शिक्षा, स्वास्थ्य, संरक्षणमा विशेष कार्यक्रम संचालन गरिनेछ ।
- महिला समता, समानता, समावेशीकरण तथा उद्यमशिलता कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न उपाध्यक्षसँग महिला उद्यमशीलता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई गरिदै आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- भुमिहिन र अव्यवस्थित बसोबास, आवास विहिनहरुलाई व्यवस्थित गर्नका लागि आवश्यक पहल गरिनेछ ।

## घ) खानेपानी तथा सरसफाई

- एक घर एक धारा कार्यक्रम सम्पन्न हुन वाँकी स्थानमा अभियानको रुपमा कार्यक्रम अगाडि बढाइनेछ ।
- स्थानीय परम्परागत धार्मिक एवं ऐतिहासिक मुल, कुवा, ढुङ्गेधारा एवं पोखरीहरुको संरक्षण तथा सम्वर्द्धन गर्दै लगिनेछ ।
- क्व्होलासोथार वृहत खानेपानी आयोजनालाई सम्पन्न गर्नका लागि सम्बन्धित निकायमा आवश्यक समन्वय र पहल गरिनेछ ।

- गाँउपालिकाको केन्द्रमा फोहोर व्यवस्थापनको लागि उपयुक्त स्थानको पहिचान गरी आवश्यक संरचनाको निर्माण प्रक्रिया अगाडि बढाइनेछ ।

## ३. पूर्वाधार विकास

### क) सडक

- गाउँपालिकाको केन्द्र र विभिन्न वडाहरुलाई जोड्ने सडकहरुलाई संघ, प्रदेश र स्थानीय तहको लगानीमा स्तरोन्नति गर्दै लाने नीतिलाई अवलम्बन गरिनेछ ।
- गिलुङ-लायंकु-बेत्यानी सडकको स्तरोन्नती गरिनेछ ।
- अन्तर जिल्ला तथा अन्तर स्थानीय तह जोड्ने सडक खण्डलाई आवश्यकता र प्राथमिकीकरणका आधारमा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारसँग सहकार्य र समन्वय गरिनेछ ।
- क्व्होलासोथार गाँउपालिका वडा नं. ७ बालुवा देखि केमली चरागाउँ, भोजे सडकको स्तरोन्नती गरिनेछ ।
- साल्मेभन्ज्याङ मालिङ सडक कालोपत्रे कार्यको लागि समन्वय गरिनेछ ।
- मिदिमखोला मालिङ कपुरगाँउ मोटरबाटोको स्तरोन्नति गरिनेछ साथै मालिङ शैलुङ, पन्द्री सडक स्तरोन्नति गरिनेछ ।
- मईगाँउ देखि कुम्लुङसम्मको सडक, घाम्राङदेखि तामु गाउँसम्मको मोटरबाटो स्तरोन्नती गरिनेछ ।
- सिङ्दी पसगाउँ बगैंचा सडक खण्डलाई स्तरोन्नती गरिनेछ ।
- बाग्लुङपानी घलेगाउँ भुजुङ सडक खण्डको स्तरोन्नति गर्न प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।
- गाउँपालिकाका सवै आन्तरिक सडकहरुमा बाह्रै महिना सहज र सरल तरिकाले यातायात सञ्चालन गर्नको लागि जे.सि.भि.एवं स्थानीय बाटो हेरालुको व्यवस्था गरिनेछ ।

- रापासिङ्ग देखी नजरेसम्मको मोटरबाटो स्तरोन्नती गरिनेछ ।
- मर्स्याङ्दी गाउँपालिकासँग समन्वय गर्दै नजरे देखी लामागाँउ नयाँ बाटो निर्माण गरिनेछ ।
- क्व्होलासोथार गाउँपालिकाबाट जिल्ला सदरमुकाम बेसीशहर जोड्ने बैकल्पिक सडकहरुको मर्मत संभार गरी प्रयोगमा ल्याइनेछ ।

## ख) मोटरेवल पुल

- क्व्होलासोथार गा.पा. वडा नं. ६ काम्रो खोला र लम्क्यू खोला मोटरेवल पुलको निर्माण कार्यलाई तीव्रता दिईनेछ ।
- क्व्होलासोथार गाउँपालिकाको खोलाहरुमा आवश्यक मोटरेवल पुलको विस्तृत अध्ययन प्रतिवेदन गर्ने प्रक्रियालाई अगाडी बढाइनेछ ।
- बालुवावेसी रुदीखोला मोटरेवल पुल निर्माण शुरुवातको लागि प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।
- क्व्होलासोथार गाउँपालिका वडा नं. ७ लमजुङ र मादी गाँउपालिका वडा नं. ८ कास्की जोड्ने रुदी खोला वालुवावेसी मोटरेवल पुल र क्व्होलासोथार गाउँपालिका वडा नं. २ लमजुङ र मध्यनेपाल नगरपालिका वडा नं. ८ लमजुङ जोड्ने मिदिम खोला मोटरेवल पुल निर्माणको लागि सम्वन्धित निकायसँग आवश्यक समन्वय गरिनेछ । साथै मिदिमखोला, रुदी खोला एवं अन्य खोलाहरुमा आवश्यकता अनुसार मोटरेवल पुलको लागि संघीय सरकार एवं प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।
- निर्माण सम्पन्न भई संचालनमा आएको क्व्होलासोथार गाउँपालिका वडा नं ८ र वडा नं. २ जोड्ने मिदिमखोला मोटरेवल पुल र क्व्होलासोथार गाउँपालिका लमजुङलाई मादी गाउँपालिका कास्कीसँग जोड्ने रुदीखोला मोटरेवल पुलको संरक्षण एवं सम्वर्द्धन गरिनेछ ।

- क्ल्होलासोथार गा.पा. वडा नं. ९ लमजुङ र मध्यनेपाल न.पा. वडा नं. ८ लमजुङ जोड्ने पन्द्र खोला मोटरेवल पुल निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

## ग) झोलुङ्गे पुल

- गाउँपालिका भित्र निर्माण सम्पन्न भई संचालनमा आएको सम्पूर्ण झोलुङ्गे पुलहरुको झो.पु. हेरालु मार्फत संरक्षण एवं सम्वर्द्धन गरिनेछ ।

## घ) विद्युत तथा उर्जा

- विद्युत सेवालाई भरपर्दो र विश्वसनिय बनाउनको लागि नेपाल विद्युत प्राधिकरणको केन्द्रिय प्रसारण लाइनमा क्रमशः विधुत जोड्दै लाने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिका अन्तर्गत विद्युत सेवाबाट बंचित छिटपुट घरहरु पहिचान गरी विद्युत तथा बैकल्पिक उर्जा जडान व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्र निर्माणाधिन अवस्थामा रहेको जलविद्युत आयोजनाहरुलाई यथाशिघ्र सम्पन्न गराउनका लागि आवश्यक समन्वय गरिनेछ साथै स्थानीय जलविद्युत आयोजनाहरुमा शेयर लगानी गर्नका लागि गाउँपालिकावासीलाई प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका भित्रका जलविद्युत आयोजनाहरुबाट नियमानुसार गाउँपालिकालाई प्राप्त हुनु पर्ने रोयल्टी सजिलैसँग प्राप्त गर्न थप पहल गरिनेछ ।
- पाँचगाउँ विद्युत उपभोक्ता संघबाट प्रसारित विद्युतीकरणलाई नेपाल विद्युत प्राधिकरणसँग आवद्ध गर्न मध्यनेपाल नगरपालिकासँग समन्वय गरी सहजीकरण र सहयोग गरिनेछ ।
- गाउँ वस्ती माथि जडान भएका बिजुलीको नाङ्गो तार विस्थापित गरी कालो तार जडानका गर्न विद्युत प्रधिकरणसँग आवश्यक समन्वय गरिनेछ ।

## ङ) भवन

- सामुदायिक भवन निर्माण कार्यलाई आवश्यकता र औचित्यताको आधारमा निर्माण तथा मर्मत सम्भार गर्दै लगिनेछ ।
- प्रशासकिय भवनको आन्तरिक व्यवस्थापन गरिनेछ । नयाँ निर्माण हुने कार्यालय भवनहरु सूचना प्रविधिमैत्री, अपाङ्गमैत्री, भुकम्प प्रतिरोधि बनाउने नीति लिइनेछ ।
- वडा नं. ६ को वडा कार्यालय भवन निर्माण गरिनेछ ।
- आफ्नै वडा कार्यालय भवन नभएका वडाहरुको नयाँ वडा कार्यालय भवन निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- नजरे आमा समुह भवनको स्तरोन्नती गरिनेछ ।
- निर्माणाधिन अवस्थामा रहेको साल्मेभञ्याङ १५ शैया आधारभूत अस्पताल निर्माण कार्यको अनुगमन गरिनेछ ।

## च. सिंचाई तथा ढल निकास

- थोपा सिंचाई प्रणालीलाई प्रवर्द्धन गर्दै लगिनेछ ।
- आवश्यकता अनुसार खेतीयोग्य जमिनमा सिंचाईको व्यवस्था गर्दै लगिनेछ ।
- वडाहरुमा आवश्यकता अनुसार ढल निकासको उचित व्यवस्थापन गर्दै लगिनेछ ।

## छ) युवा तथा खेलकुद पूर्वाधार

- गाउँपालिकाको केन्द्रमा रहेको मालिङ खेलमैदान निर्माणलाई अगाडि बढाइनेछ ।
- वडाहरुमा रहेको अन्य खेलमैदानहरुलाई स्तरोन्नति गर्दै लाने नीति अवलम्वन गरिनेछ ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

- जलवायु परिवर्तन अनुकुलित सचेतना कार्यक्रमहरु प्रारम्भ गरिनेछ ।
- पालिकाको उच्च भूभागमा रहेका प्राकृतिक लेक, खर्क खर्चरी, तातोपानी कुण्डको खोज, अनुसन्धान र संरक्षण गर्दै व्यवस्थापन गरिनेछ ।
- वन्यजन्तुलाई संरक्षण, डढेलो नियन्त्रण गर्न अग्नि रेखा निर्माण गर्दै सचेतनामुलक कार्यक्रमहरु अगाडी बढाइनेछ ।
- उत्पादकत्व वृद्धि गर्नको लागि वनको कार्ययोजना अनुसार वनको गोडमेल, छटानी कटानी गर्न डिभिजन वन कार्यालयसँग आवश्यक समन्वय गरि अगाडि बढिनेछ ।
- विपद्को समयमा सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्दै पालिका स्तरीय विपद् व्यवस्थापन कोषबाट जिन्सी, खाद्यान्न तथा आर्थिक सहायता उपलव्ध गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- खाली जमिनमा वृक्षारोपण गरी वातावरणीय सन्तुलन कायम गर्ने नीति अवलम्वन गरिनेछ । भू—क्षय, पहिरा, नयाँ ट्र्याक खोलिएका र स्तरोन्नति हुदै गरेका सडकहरुलाई जोगाउनका लागि वृक्षारोपण र वायो इन्जिनियरिङ प्रविधिलाई प्रयोगमा ल्याउने व्यवस्था मिलाइनेछ ।
- स्थानीय विपद् व्यवस्थापन कोषलाई थप व्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ ।
- अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (ACAP) सँग समन्वय र सहकार्य गरी वन, वन्यजन्तु संरक्षण, चोरी निकासी नियन्त्रण गरी पर्या पर्यटन प्रवर्द्धनमा जोड जोड दिइनेछ ।

## ५. सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह

- गाउँपालिकाको दोस्रो आवधिक योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ ।
- करको दायरा विस्तार, कर सचेतना, कर प्रशासनमा सुधार एवं कर सहभागिता अभिवृद्धि गरी आन्तरिक आय बृद्धि गरिनेछ ।
- राजस्व परामर्श समितिको अध्ययन तथा सुझावलाई तदारुकताका साथ परिपालन गरिनेछ ।
- बजेटको अख्तियारी, निकासा, बेरुजु व्यवस्थापन तथा सार्वजनिक सम्पतिको अभिलेख व्यवस्थापन गर्न डिजिटल प्रणाली लागु गरी वित्तीय सुशासन कायम गरिनेछ ।
- नतिजामुखी खर्च व्यवस्थापन, आर्थिक कारोवारमा पारदर्शिता, लेखा परिक्षण प्रतिवेदन सुझाव कार्यान्वयन मार्फत आर्थिक अनुशासन कायम गरिनेछ ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत पश्चात दरवन्दी तेरीज बमोजिमको कर्मचारी व्यवस्थापन गरिने नीति अवलम्वन गरिनेछ ।
- निर्वाचित जनप्रतिनिधिहरु एवं कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । अन्तरपालिका सुशासन अभ्यास आदान प्रदान कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकाको अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत विच, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु विच तथा शिक्षा, युवा तथा खेलकुद शाखा र सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु विच कार्य सम्पादन सम्झौता गरिनेछ ।
- न्यायिक समितिको कार्य सम्पादन प्रकृयालाई प्रभावकारी बनाउनको लागि जनप्रतिनिधिहरु र सूचीकृत मेलमिलापकर्ताहरुलाई न्यायिक ज्ञान, सीप अभिवृद्धिका लागि कानूनी साक्षरता कार्यक्रम संचालन गरिनेछ ।
- एकिकृत कार्यालय व्यवस्थापन प्रणाली लागु गरिनेछ ।

- गाउँपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालयहरुबाट चुस्त, दुरुस्त, छिटो, छरितो र व्यवस्थित सेवा प्रवाह गर्नको लागि आवश्यक सामाग्रीहरुको व्यवस्थापन थप गर्दै लगिनेछ ।
- कर्मचारीहरुमा निहित ज्ञान, सीप एवं क्षमताको उचित मुल्यांकन गरि निश्चित मापदण्डका आधारमा पुरस्कृत एवं दण्डित गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिका भित्र संचालित विभिन्न योजनाहरु/आयोजनाहरु, कार्यक्रमहरु, निर्णयहरु तथा अन्य सूचनाहरु गाउँपलिकाको आधिकारिक वेवसाईड, क्व्होलासोथार बुलेटिन तथा अन्य विद्युतिय माध्यमबाट प्रकाशन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व, कानूनी शासन कायम गर्न गाउँपालिकाले प्रवाह गर्ने सेवा, सुविधा, गुनासो, राय, सल्लाह, सुझाव एवं कार्यक्रमहरु र योजनाहरुको बारेमा गाउँपालिकावासी र सरोकारवालाहरुलाई जानकारी दिन र पृष्ठपोषण लिनका लागि चौमासिक रुपमा गर्दै आएको सार्वजनिक सुनुवाईको कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै गाउँपालिकाको सामाजिक परिक्षण तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्य सम्पन्न गरिनेछ ।
- सेवा प्रवाहको मापन सर्वेक्षण गर्न सेवाग्राही वर्हिगमन अभिमत संकलन (Exit Poll) लागु गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता लाभग्राहीको विवरण प्रणालीमा प्रविष्टि गरि छिटो, छरितो, भरपर्दो एवं पारदर्शी सेवालाई निरन्तरता गरिनेछ ।
- प्रशासकीय भवन परिसरमा सार्वजनिक सम्पतिको सुरक्षाका लागि सिसि टिभि मार्फत निगरानीलाई निरन्तरता गरिनेछ ।
- वडाहरुको सेवा प्रवाहलाई सरल तथा सहज बनाउनको लागि नागरिक वडापत्र एकरुपतालाई निरन्तरता दिइनेछ ।
- स्थानीय तहमा निर्मित पूर्वाधार सम्पतिहरुको अध्यावधिक विवरणहरु तयार गरी सार्वजनिक गरिनेछ ।

- वैज्ञानिक भू-उपयोग योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याईनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका साँस्कृतिक, धार्मिक तथा पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसारका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिने नीति अवलम्वन गरिनेछ ।

सभाका सदस्यहरु,

यस सम्मानित गाउँ सभा समक्ष पेश गरिएका योजना, नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा विशेष जोड दिदै **"समुन्नत र समृद्ध क्व्होलासोथार गाउँपालिका"** निर्माण गर्ने महान अभियानमा सम्वद्ध सबै पक्षले आ—आफ्नो स्थानबाट उल्लेखनीय भूमिका निर्वाह गर्नु नै हुनेछ भन्ने मैले पूर्ण विश्वास लिएको छु ।

अन्त्यमा, गाउँपालिकावासीको चाहना वमोजिम विकास कार्य अगाडि बढाउन आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमले मद्दत गर्ने विश्वास लिदै गाउँपालिकाको विकासमा योगदान गर्ने नेपाल सरकार, प्रदेश सरकार, गाउँसभाका सदस्यहरु, राजनीतिक दल, निजी क्षेत्र, गैर सरकारी संघ संस्था, विकास साझेदार, सञ्चार जगत, नागरिक समाज, राष्ट्रसेवक कर्मचारी, उद्योगी व्यवसायी, किसान, श्रमिक वर्ग, युवा क्लव, आमा समूह, बाबा समूह एवं देश विदेशमा रहनुहुने सम्पूर्ण गाउँपालिकावासी प्रति हार्दिक आभार प्रकट गर्दै आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा यहाँहरु सवैको सदा साथ र सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।।।

सूर्यप्रसाद गुरूङ
सभाध्यक्ष
क्व्होलासोथार गाउँपालिका
मालिङ, लमजुङ ।

सम्वत् २०८२ असार १० गते, मंगलवार

नेपाल सम्वत् ११४५ तछलागा चतुर्दशी, मंगलवार